आज मिति २०७५ साल कार्तिक १२ गतेका दिन यस रत्ननगर नगर कार्यपालिकाको कार्यालयका नगर प्रमुख श्री नारायण वन ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकमा तपशिल बमोजिमका पदाधिकारी ज्यूहरुको उपस्थिति रह्यो ।

**उपस्थिति :**

| | | |
|---|---|---|
| १. | अध्यक्ष श्री नारायण वन, रत्ननगर न.पा. नगर प्रमुख | द |
| २. | सदस्य श्री विमला देवी दुवाडी, रत्ननगर न.पा. उप–प्रमुख | द |
| ३. | सदस्य श्री शंकर सिं तमाङ्ग, वडा अध्यक्ष, वडा नं. १ | द |
| ४. | सदस्य श्री तिलक राज पौडेल, वडा अध्यक्ष, वडा नं. २ | द |
| ५. | सदस्य श्री गुप्तनाथ भट्टराई, वडा अध्यक्ष, वडा नं. ३ | द |
| ६. | सदस्य श्री रविन्द्र चौधरी, वडा अध्यक्ष, वडा नं. ४ | द |
| ७. | सदस्य श्री कृष्ण महतो, वडा अध्यक्ष, वडा नं. ५ | द |
| ८. | सदस्य श्री बलराम दाहाल, वडा अध्यक्ष, वडा नं. ६ | द |
| ९. | सदस्य श्री लाल बहादुर भट्ट, वडा अध्यक्ष, वडा नं. ७ | द |
| १०. | सदस्य श्री विनोद वस्नेत, वडा अध्यक्ष, वडा नं. ८ | द |
| ११. | सदस्य श्री रोशन आचार्य, वडा अध्यक्ष, वडा नं. ९ | द |
| १२. | सदस्य श्री केशव आचार्य, वडा अध्यक्ष, वडा नं. १० | द |
| १३. | सदस्य श्री शशिभक्त न्यौपाने, वडा अध्यक्ष, वडा नं. ११ | द |
| १४. | सदस्य श्री विर बहादुर पाखिन, वडा अध्यक्ष, वडा नं. १२ | द |
| १५. | सदस्य श्री चित्र बहादुर भण्डारी, वडा अध्यक्ष, वडा नं. १३ | द |
| १६. | सदस्य श्री हरि कुमार श्रेष्ठ, वडा अध्यक्ष, वडा नं. १४ | द |
| १७. | सदस्य श्री हुमनाथ लामिछाने, वडा अध्यक्ष, वडा नं. १५ | द |
| १८. | सदस्य श्री हेमराज थापा, वडा अध्यक्ष, वडा नं. १६ | द |
| १९. | सदस्य श्री मिना गिरी, कार्यपालिका सदस्य रत्ननगर न.पा. | अ |
| २०. | सदस्य श्री भोला देवी गौडेल, कार्यपालिका सदस्य रत्ननगर न.पा. | अ |
| २१. | सदस्य श्री सरस्वती लामा, कार्यपालिका सदस्य रत्ननगर न.पा. | द |
| २२. | सदस्य श्री निर्मला कुमारी खड्का, कार्यपालिका सदस्य रत्ननगर न.पा. | द |
| २३. | सदस्य श्री रिता वि.क., कार्यपालिका सदस्य रत्ननगर न.पा. | द |
| २४. | सदस्य श्री राजेन्द्र परियार हमाल, कार्यपालिका सदस्य रत्ननगर न.पा. | द |
| २५. | सदस्य श्री कृष्ण हरि परियार, कार्यपालिका सदस्य रत्ननगर न.पा. | द |
| २६. | सदस्य श्री मन कुमारी वि.क., कार्यपालिका सदस्य रत्ननगर न.पा. | द |
| २७. | सदस्य सचिव श्री बाबुलाल रेग्मी, प्रमुख प्रशासकिय अधिकृत, र.न.पा. कार्यालय | द |

**अन्य उपस्थिती:**

| | | |
|---|---|---|
| २८. | प्रशासकिय अधिकृत श्री संगम सापकोटा | द |
| २९ | लेखा अधिकृत श्री ऋषि प्रसाद कडुवाल | द |
| ३० | ना.सु. श्री उर्मिला तमाङ्ग दाहाल | द |
| ३१ | ना.सु. श्री डिम्मेश्वरी पौडेल काफ्ले | द |

**निर्णयहरु:**

**निर्णय नं. १:**
नगरपालिकाबाट लागु गरिएको कर समायोजन लगायत अन्य विषयमा छलफलका लागि मिति २०७५।०७।२८ गते **विशेष नगर सभा** बोलाउने निर्णय गरियो ।

**निर्णय नं. २:**
मिति २०७५ साल श्रावण २८ गते कार्यपालिकाको बैठकद्धारा करका दर लगायतका विषयमा असन्तुष्टी जनाई ७(सात) दलको संयुक्त संघर्ष समिति गठन भई विरोधका कार्यक्रम संचालन भएको र संवाद र सहमति मार्फत विरोधका कार्यक्रम अन्त्यका लागि प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा ७(सात) सदस्यीय वार्ता समिति गठन भएको नगरस्तरिय सात दल र वार्ता समिति बीच मिति २०७५।७।९ मा भएको व्यापक छलफल, समझदारी वमोजिम वार्तालाई तार्किक निष्कर्षमा पुऱ्याउन भएको सहमति वमोजिम कार्यपालिका बैठकमा छलफल गरी मिति २०७५।०७।२८ गतेको विशेष नगर सभामा स्वीकृतीका लागि पेश गर्ने निर्णय गरियो ।

**तपसिल**

क रत्ननगर नगरपालिकाको आ. व. २०७५।०७६ को कर राजश्वका सम्बन्धमा पुनरावलोकन गर्न उपमेयर ज्यूको संयोजकत्वमा बनेको ७(सात) सदस्यीय समितिले दिएको प्रतिवेदन वमोजिम कर राजश्वका दर समायोजन गर्न सभामा लैजाने ।

ख. यस आ.व. २०७५।०७६ मा सम्पत्ति कर बुझाउन बाँकी रहेका कर दाताहरुले यस आ. व. को मंसिर मसान्त भित्रमा बुझाएमा १० प्रतिशत छुट दिने । गत विगत आ. व. को बक्यौतामा १ वर्षसम्मको १० प्रतिशत र सोभन्दा बढी बक्यौतामा २५ प्रतिशत जरिवाना लाग्ने ।

ग. करदाताले कर समायोजन पश्चात हिसाव तुलना गर्दा पहिले तिरेको एकीकृत सम्पत्ति करको रकम बढी भएको देखिएमा आगामी आ. व. २०७६।०७७ को कर तिर्दा कार्तिक मसान्तसम्म समायोजन गर्ने । सो अवधि पछि कर बुझाउँदा आ. व. २०७५।०७६ को कर बढी देखिएता पनि सो अवधिसम्म कर बुझाउन नआएमा समायोजन नगरिने ।

**निर्णय नं. ३:**
मिति २०७५।०७।१७ गते १६ नं. वडालाई बालमैत्री तथा बालश्रम मुक्त वडा घोषणा गर्ने कार्यक्रमलाई भव्यताका साथ सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:**
यस रत्ननगर नगरपालिकाबाट सार्वजनिक जग्गा संरक्षण गर्ने क्रममा रत्ननगर नगरपालिका वडा नं. २ बस्ने श्री कमल चन्द्र खनाल वादी र रत्ननगर नगरपालिकाको नगर प्रमुख, २ नं. वडा अध्यक्ष र पूर्वाधार विकास समितिका संयोजक एवं १४ नं. वडाका वडा अध्यक्ष प्रतिवादी भई टाँडी बजारको बुढीकुलो छेउ पूर्व पश्चिम राजमार्गसंग सटेको कमल चन्द्र खनालबाट अतिक्रमण गरी बनाईएका संरचना भत्काएको सन्दर्भमा लुटपाट मुद्धा निरन्तररुपमा चलिरहेको र अर्को मेलमिलाप समितिको बैठक आगामी २०७५।०७।१९ गते पुन:बस्ने भएको सन्दर्भमा मुद्धालाई अगाडी बढाउन लाग्ने सम्पूर्ण रकम नगरपालिकाले व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:**
यस रत्ननगर नगरपालिका कार्यालयमा कार्यरत ना.सु. श्री शिव प्रसाद लामिछाने (वडा नं. १३ का वडा सचिव) ले आफु विदा बस्नु पर्नाको उचित कारण देखाई पेश गरेको असाधारण विदा मागको निवेदन वमोजिम मिति २०७५।०७।०४ गतेदेखि लागु हुने गरी २०७६।०७।०३ सम्म १(एक) वर्ष असाधारण विदा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:**
यस चालु आ.व. २०७५।०७६ मा शित भण्डार (कोल्ड स्टोर) निर्माणका लागि वजेट रु. ५०,००,०००।- (पचास लाख मात्र) विनियोजित भएकोमा उक्त विनियोजित रकमबाट यस रत्ननगर न. पा. वडा नं. १३ वडा कार्यालय परिसरभित्र शित भण्डार निर्माण गर्ने र कोल्ड स्टोर निर्माणका लागि जग्गा खाली गर्नुपर्ने भएको हुँदा त्यहाँ रहेका २ वटा पुराना भवनहरु भत्काउन र बकाईनो/सिसौको रुख कटान गर्न आवश्यक प्रकृया अगाढि बढाउन वडा कार्यालयलाई अनुमती

दिने निर्णय गरियो । साथै रत्ननगर ६ स्थित पुरानो गाविस भवन जीर्ण भएकोले सो भवन भत्काउन ६ नं. वडा कार्यालयलाई अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस नगरपालिकालाई बालश्रम मुक्त र बालमैत्री नगरपालिका घोषणा गर्ने अभियानको क्रममा अप्ठेरो परेको र अनाथ बालबालिकाहरुको संरक्षण र रेखदेखका लागि यस नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत र लेखा अधिकृतको संयुक्त दस्तखतबाट संचालन हुने गरी **बालकोष स्थापना** गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

यस रत्ननगर न.पा. को वडा नं. ३, १३ र १४ लाई जोड्ने झोलुंगे पुल निर्माणका लागि स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग(डोलिडार) मा रकम माग गर्ने निर्णय गरियो ।

**निर्णय नं ९**

यस रत्ननगर नगरपालिकामा दमकल नभई समय समयमा आगलागी हुँदा ठूलो धनजनको क्षति हुने घटना बढ्दै गएको सन्दर्भमा पूर्वी चितवनका सबै स्थानीय तहहरुको साझेदारीमा दमकल संचालन गर्न आवश्यक प्रकृया अगाडी बढाउन नगरपालिकालाई सहमती दिने निर्णय गरियो ।

**निर्णय नं. १०:**

नेपाल रेडक्रस सोसाईटी क्षेत्रिय रक्त संचार केन्द्र, भरतपुर, चितवनले क्षमता अभिबृद्धि र भौतिक पूर्वाधार विकासका निम्ती टिकौलीमा रहेको नारायणी सिंचाई आयोजनाको जग्गामा **Blood Collection Center** स्थापना र संचालन गर्नका लागि रुची देखाएको हुँदा मालपोत ऐन २०३४ को दफा २४ को कार्यान्वयनका लागि बनेको सरकारी जग्गा दर्ता तथा लिजमा उपलव्ध गराउने सम्बन्धि कार्यनिती २०७१ (दोश्रो संसोधन) वमोजिम नेपाल सरकारद्धारा उल्लेखित जग्गा उपलव्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११:**

रत्ननगर नगरपालिका अन्तर्गत सौराहाचोक-चित्रसारी-बछ्यौली-हात्तीसार-राप्ती ड्याक- हात्तीचोक हुँदै बढ्रहनी जोड्ने सडक केन्द्र विन्दुबाट दायाँ बायाँ ८/८ (आठ/आठ) मी. गरी कुल सडकको चौडाई १६(सोह्र) मिटर कायम गर्नका लागि श्री डिभिजन सडक कार्यालय, भरतपुर, चितवनमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. १२:**

यस रत्ननगर नगरपालिकाको १० नं. वडा कार्यालय भवन निर्माणको नगर सभाबाट रु. ३५,००,०००।- (पैंतिस लाख) विनियोजन भई निर्माण प्रकृया अगाडि बढाउन लागत अनुमान गर्दा रु. ५७,५४,८६१।१६ (सन्ताउन्न लाख चउन्न हजार आठसय एकसट्ठी रुपैया पैसा सोह्र) हुन आएकोले स्वीकृत वजेटमा नपुग रकम रु. २२,५४,८६१।१६ (बाईस लाख चउन्न हजार आठसय एकसट्ठी रुपैया पैसा सोह्र) न. पा. आकस्मिक कोष तथा पूर्वाधार निर्माण शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

यस रत्ननगर नगरपालिकाको वडा नं. १३ स्थित विकास थापाको घरदेखि पश्चिम तर्फको पिच जाड्ने बाटो निर्माणको लागि कुल लागतको ५०% नगरपालिकाबाट व्यहोरिने गरी रु. १०,००,०००।- (दश लाख मात्र) न. पा. आकस्मिक कोष तथा पूर्वाधार निर्माण शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।